# माडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## घर्तीगाउँ, रोल्पा

# गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान ब्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मितिः २०८०।६।५

प्रमाणीकरण मितिः २०८०।६।५

**प्रस्तावना**: सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वशुलभ, व्यवस्थित, मर्यादित एवम् स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका मा.वि. र आधारभूत तह संचालित शून्य वा न्यून दरबन्दी भएका विद्यालयहरुको पठन पाठनमा सहयोग पुयाउन आवश्यक देखिएकोले शिक्षण सिकाइ अनुदान कोटा सृजना, पदपूर्ति र परिचालन गर्नका लागि शिक्षक नियुक्ति गर्न माडी गाउँपालिका शिक्षा ऐन, २०७४ को दफा ६२ उपदफा (२) बमोजिम यो कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) प्रयोग गरी माडी गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**:

(क) यो कार्यविधिको नाम **'गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०'** रहने छ। यो कार्यविधि माडी गाउँकार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"कार्यविधि"** भन्नाले **'गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०'** सम्झनु पर्छ।

(ख) **"गाउँपालिका शिक्षण सिकाइ अनुदान"** भन्नाले सामुदायिक विद्यालयमा काम गर्ने गरी गाउँपालिकाले सृजना गरी नियुक्ति गरेका र वडाको तजविजमा विनियोजन गरेको रकमलाई सम्झनु पर्छ।

(ग) **"आधारभूत विद्यलय "** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्म संचालन भएको विद्यालयहरू सम्झनु पर्छ।

(घ) **"माध्यमिक विद्यालय "** भन्नाले कक्षा ९-१२ कक्षा संचालन भएको विद्यालयहरु सम्झनु पर्छ।

(ङ) **"वि.व्य.स. "** भन्नाले विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(च) **"शि. अ. स."** भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनु पर्छ।

(छ) **"शिक्षक छनौट समिति"** भन्नाले यस कार्यविधिको दफा ७ (ख) बमोजिमको शिक्षक छनौटसमितिलाई सम्झनु पर्छ।

(ज) **" प्र.अ."** भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनु पर्छ।

(झ) **"शिक्षक"** भन्नाले विद्यालयमा आ.वि. तह देखि मा. वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई सम्झनु पर्छ।

(ञ) **" गा.पा."**भन्नाले माडी गाउँपालिकालाई सम्झनु पर्छ।

(ट) **"कर्मचारी"** भन्नाले विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीलाई सम्झनु पर्छ।

(ठ) **अभिभावक"** भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालन पोषण गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ड) **"आयोग"**भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ।

(ढ) **"शाखा"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(ण) **" शिक्षा शाखा प्रमुख"** भन्नाले माडी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ साथै सो शब्दले प्रमुखको जिम्मेवारी बहन गर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ।

(त) **"विषय विज्ञ"** भन्नाले आधारभूत तह र माध्यमिक तह शिक्षक छनौट परीक्षा सञ्चालनको लागि यस गाउँपालिकाबाट वा अन्य पालिकाहरूबाट अख्तियार प्राप्त आमन्त्रित शिक्षकहरुलाई सम्झनु पर्छ।

(थ) **"सम्बन्धित निकाय"** भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, शिक्षा तथा मानव विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्रसंग अनुसार सम्झनु पर्छ।

(द) **"दरबन्दी"** भन्नाले नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी, राहत तथा अनुदान कोटालाई सम्झनु पर्छ।

(ध) **"अनुदान दरबन्दी"** भन्नाले यस गाउँपालिकाद्वारा सृजना गरिएका शिक्षण सहयोग अनुदानबाट तलवभत्ताको व्यवस्थापन हुने गरी सृजना गरिएका दरबन्दी सम्झनु पर्छ।

(न) **"परिचालक"** भन्नाले सामुदायिक सिकाइ केन्द्रमा कार्यरत महिला कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) "एकमुष्ट अनुदान" भन्नाले सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन गर्न अति आवश्यक परेको खण्डमा गाउँपालिकाबाट दिइने एकमुष्ट रकम र वडा कार्यालयको तजविजमा गाउँसभाले विनियोजन गरेको रकमसमेतलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) माडी गाउँपालिका भित्रका माध्यमिक र आधारभूत तह संचालित शुन्य वा न्यून दरबन्दी भएका विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पुर्याउने;

(ख) आवश्यक दरबन्दी सिर्जना, दक्ष, योग्य शिक्षक छनौट, सेवा, सर्त, थप सुविधा, काम कर्तव्य, अधिकार, पुरस्कार र सजाय सम्बन्धी प्रावधानहरू स्पष्ट गर्ने;

(ग) विद्यालयहरूमा गाउँकार्यपालिकाको स्वीकृतिले विनियोजन गरिएका एकमुष्ट अनुदान खर्च गर्न सहयोग पुर्याउने।

## परिच्छेद-२
## दरबन्दी, शैक्षिक योग्यता, पदपूर्ति, नियुक्ति तथा काम कर्तव्य र अधिकार

४. दरबन्दी:

(क) कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी अनुदान दरबन्दी दिन सक्नेछ।

(ख) शिक्षण सिकाई सहयोग अनुदान दरबन्दी आबश्यकताका आधारमा मिलान र प्राप्त सेवा सुविधा नघटने गरी हेरफेरका लागि गाउँ शिक्षा समितिको बैठकबाट निर्णय गरी कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(ग) माडी गाउँपालिकाबाट प्राप्त हुने शिक्षक अनुदान दरबन्दीहरु नेपाल सरकारबाट दरबन्दी प्राप्त नहुन्जेल सम्मको लागि विद्यालयहरुमा रहन सक्नेछन।

५. शैक्षिक योग्यता:

(क) दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित तहका लागि शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन) सहितमा तोकिए बमोजिम हुनेछ।

६. उम्मेदवारको योग्यता:

(१) देहायका व्यक्तिहरु शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन्।

(क) गैरनेपाली नागरिक,
(ख) १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,
(ग) मगज बिग्रेको,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,
(ङ) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,
(च) सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,
(छ) अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति,

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित नियम अनुसार तीन पटकसम्म विज्ञापन गर्दा अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा चौथो पटक विज्ञापनबाट अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि विज्ञापनमा उम्मेदवार हुन योग्य मानिने छन् । यस व्यवस्थापनबाट नियुक्त शिक्षक नियुक्त मितिदेखि पाँच वर्षभित्र अध्यापन अनुमतिपत्र प्राप्त गर्न नसकेमा निजको करार अवधि स्वतः समाप्त भएको मानिनेछ।

**७. पदपूर्ति:**

विद्यालयको आवश्यकता अनुसारको शिक्षक खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याई पदपूर्ति गर्नु पर्नेछ ।

(क) विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर, परीक्षा हुने मिति, किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्ध्र) दिनको म्याद राखी विद्यालयले विज्ञापन प्रकाशन गर्नेछ । उक्त विज्ञापन गा.पा. कार्यालय तथा सम्बन्धित वडा कार्यालयको सूचनापाटीमा टाँस गर्नु पर्नेछ । तर दोस्रो र तेस्रो पटकको विज्ञापन भएमा क्रमशः ७ र ५ दिनको म्यादको हुनेछ ।

(ख) विद्यालयमा गाउँपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछः

१. वि.व्य.स. अध्यक्ष - संयोजक

२. गाउँपालिका अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ २ जना -सदस्य

३. गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा शाखाले तोकेको कर्मचारी १ जना - सदस्य

४. सम्बन्धित विद्यालयको प्र.अ. - सदस्य सचिव

(ग) दफा ७ को ख (२) को प्रयोजनका लागि शिक्षा शाखाले विशेषज्ञको सूची अद्यावधिक गरीराख्नु पर्नेछ ।

(घ) गाउँपालिकाको शिक्षा शाखाले प्रत्येक २ वर्षको चैत्र मसान्त भित्र विषय विज्ञको सूची अद्यावधिक गर्नेछ । तर पहिलो पटकको लागि भने आवश्यक परेको समयमा विज्ञहरुको सूची अद्यावधिक गर्न सकिनेछ । यो कार्यविधि कार्यान्वयन हुनुपूर्व र यस कार्यविधि बमोजिम विज्ञहरुको सूची अद्यावधिक नहुँदै शिक्षक पदपूर्ति गर्नुपरेमा शिक्षा विकास तथा समन्वय इकाईबाट अद्यावधिक भएका विज्ञको सूचीलाई प्रयोग गर्न सकिनेछ ।

(ङ) विषय विज्ञमा सुचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षकले आफ्ना शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि तालिम तथा अध्यापन अनुमतिपत्रको प्रतिलिपि, स्थायी नियुक्तीको प्रतिलिपि पेश गर्नु पर्नेछ साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धित तह र विषयको १/१ थान उत्तर कुञ्जिका सहितको प्रश्न पत्रसमेत शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।

(च) माध्यमिक तहको विज्ञलाई आधारभूत तहको विज्ञका रुपमा पनि प्रयागे गर्न सकिने छ ।

**८.शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी प्रश्नपत्रबैंकमा राखिएको प्रश्नपत्रप्रयोग गरी परीक्षा लिने ।

(ख) शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा अन्य कार्य गर्ने ।

(ग) लिखित परीक्षाको नतिजा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रम अनुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

(घ) उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्ण प्राप्त गरे त्यत्तिको नाम मात्र प्रकाशन गर्ने ।

(ङ) सफल र वैकल्पिक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

(च) सफल र वैकल्पिक उम्मेदवारहरुको जानकारी गाउँपालिकालाई गराउनु पर्ने ।

(छ) शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस कार्यविधिमा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

**९. परीक्षा संचालन अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्थाः**

(क) कुनै विद्यालयको विषयगत विज्ञापन भएता पनि विषयगत प्रतिस्पर्धा हुने गरी दुई वा सोभन्दा बढि विद्यालयहरूको तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकैचोटि गर्न सकिनेछ ।

(ख) शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको किसिम, पूर्णाङ्क, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा शिक्षक सेवा आयोगको नियमावली, २०५७ बमोजिम हुनेछ । तर अन्तर्वार्ताको अङ्क दिदाँ अनुभव वापतको सोही तहको सोही कोटा अन्तर्गतको यसै पालिकाभित्र स्थायी ठेगाना भएको, शिक्षकको रुपमा काम गरे बापत प्रत्येक वर्ष शुन्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क समेत दिइनेछ ।

(ग) उत्तरपुस्तिकाहरुमा कोडिङ, डिकोडिङ गर्ने कार्य छनोट समितिका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछन् ।

(घ) अन्तरवार्ताको अङ्क विभाजन आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ ।

(ङ) छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्दछ ।

(च) परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा उम्मेदवारका बीच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सूचीबाट हटाउन सकिने छ।

(छ) छनोट समितिका संयोजक र सदस्य सचिव बाहेकलाई जुन दरबन्दीको परीक्षा संचालन भइरहेको छ त्यही दरबन्दीको शुद्ध मासिक तलबको तीन दिन बराबरको रकम सम्बन्धित विद्यालयले पारिश्रमिक वापत व्यवस्था गर्नु पर्नेछ।

(ज) परीक्षा सम्बन्धी शुल्कबाट जम्मा भएको रकमले शिक्षक छनौट परीक्षा संचालनका लागि प्रचलितनम्स अनुसारको रकम नपुग भएमा गा.पा. ले स्वीकृत नम्स अनुसार अस्थायी करार, निजी स्रोत, शिक्षक छनौट खर्चमा छुट्याएकोबजेटबाट खर्च गर्न सक्नेछ।

(झ) शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा गाउँ शिक्षा समितिले अनुगमन गरी समितिलाई आवश्यक सुझाव दिन सक्नेछन्।

**१०. नियुक्तिः**

गाउँपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछः

(क) शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई सम्बन्धित विद्यालयले नियुक्ति दिनेछ।

(ख) सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई गाउँपालिकाको सिफारिसमा विद्यालयले नियुक्ती दिनेछ।

(ग) सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा गाउँ शिक्षा समितिको निर्णयानुसार अन्य विद्यालयलाई दिनेछ।

(घ) परीक्षण कालको अवधि प्रचलित नियम अनुसार हुनेछ।

**११. काम, कर्तव्य र अधिकारः** गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ।

(क) विद्यालयमा नियमित रुपमा हाजिर भई अध्यापन गर्ने।

(ख) विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने।

(ग) प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने।

(घ) विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने।

(ङ) विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने।

(च) विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न नपाइने।

(छ) आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने।

(ज) यसमा उल्लेख नभएका कार्यहरु गाउँ शिक्षा ऐन २०७४ र गाउँ शिक्षा नियमावली २०७६ अनुसार गर्ने गराउने।

## परिच्छेद- ३

## सेवा, सुविधा र विदा

**१२. सेवा सुविधाः**

(क) गाउँपालिकाको अनुदान दरबन्दीमा नियुक्त भएका शिक्षकले गाउँपालिकाले तोके अनुसारको तलब भत्ता मासिक वा त्रैमासिक रुपमा पाउनेछन्।

(ख) गाउँपालिकाको अनुदान दरबन्दीमा नियुक्त शिक्षकले प्रत्येक वर्षमा एक महिना बराबरको रकम चाडपर्व खर्च वापत र पोषाक भत्ता वापत प्रत्येक वर्ष चैत्र महिनामा दश हजारका दरले पाउनेछन्।

**१३. विदाः**

(क) शिक्षकले वर्षभरीमा शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) अनुसार बिदा पाउनेछन।

धनमाया

(ख) विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ।

(ग) बिरामी बिदा जति भए पनि संचित गर्न सकिनेछ। तर सो वापतको रकम पाइने छैन। विदा सहुलियत हो अधिकार होइन।

## परिच्छेद- ४
## शिक्षकका आचारसंहिता

**१४. आचारसंहिता:** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहितापालना गर्नु पर्नेछ।

(क) नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने।

(ख) विद्यार्थी र शिक्षक विच मित्रवत रुपमा व्यवहार कायम गर्ने।

(ग) आफ्नो पेशा प्रति इमान्दारिताकासाथ विद्यालयको चौतर्फी विकासमा जोड दिने।

(घ) जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न नहुने।

(ङ) पद अनुसारको आचरण पालना गर्ने।

(च) विद्यालय समयमा कुनै पनि नसालु पदार्थहरु प्रयोग गर्न नहुने।

## परिच्छेद -५
## सजाय र पुरस्कार

**१५. सजाय:** उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहायबमोजिमको सजाय गर्न सकिनेछ।

(क) नसिहत दिने।

(ख) तलब रोक्का गर्ने।

(ग) आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने।

(घ) निश्चित समयको लागि निलम्बन गर्ने।

(ङ) सेवाबाट हटाउने।

**१६. नसिहत दिने:** शिक्षकले जिम्मा दिएको काम समयमा नगर्ने र आउने जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ।

**१७. तलब रोक्का गर्ने:** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलव रोक्का गर्न सकिनेछ।

(क) अनुशासनहीन काम गरेमा।

(ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा।

(ग) बारम्बार बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा।

(घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा।

(ङ) विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा।

(च) आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा।

(छ) मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा।

(ज) विद्यालयको गोपनीयता भंग गरेमा।

(झ) यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा।

**१८. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी प्रचलित कानून उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि–नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पूरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ। एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट प्रचलित कानून अनुसार असुल उपर गरिनेछ।

**१९. निश्चित समयको लागि निलम्बन गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ।

**२०. सेवाबाट हटाउने:**

१. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागी अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ।

(क) विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म अनुपस्थित भएमा।

(ख) नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा।

(ग) विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा।

(घ) भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा।

(ङ) नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा।

**२१. सफाईको अवसर दिनुपर्ने:** सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन। त्यस्तोमा सम्बन्धित शिक्षकले तोकिएको म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ।

**२२. सजाय गर्ने अधिकारी:** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन्।

(क) शिक्षकलाई चेतवनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने कार्य प्र. अ.बाट हुनेछ;

(ख) तलब रोका गर्ने प्र. अ. को सिफारिसमा गाउँपालिकाको शिक्षा शाखा प्रमुखबाट हुनेछ;

(ग) सेवाबाट हटाउने वि.व्य.स. को सिफारिसमा गाउँ शिक्षा समितिबाट हुनेछ।

**२३. पुरस्कार:** उत्कृष्ट सिकाई उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाई क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षकहरुलाई गाउँ शिक्षा समितिले पुरस्कृत गर्नेछ।

## परिच्छेद-६

## बजेट कार्यन्वयन सम्बन्धी व्यवस्था

**२४. तलब भुक्तानी:** गाउँपालिकाले सिर्जना गरेका अनुदान दरबन्दीका शिक्षक तथा थप सहुलियत प्रदान गरेका प्रारम्भिक बाल शिक्षक, सामुदायिक सिकाई केन्द्रका परिचालक र अन्य कर्मचारीहरू र वडाको तजविजमा विनियोजित हुने सम्पूर्ण शिर्षकगत रकमहरू कार्यपालिकाको स्वीकृतीले भुक्तानी गर्न सकिने छ।

**२५. एकमुष्ट अनुदान खर्च:** विद्यालयमा प्राप्त एकमुष्ट अनुदान देहायको शिर्षकमाहरूमा खर्च गर्न सकिने छ।

(क) आवसीय व्यवस्थापन

(ख) शैक्षिक सामाग्री व्यवस्थापन

(ग) शिक्षक व्यवस्थापन

(घ) उपचारात्मक शिक्षण

(ङ) अभिभावक शिक्षा

(च) विद्यार्थी परामर्श

(छ) अतिरिक्त क्रियाकलाप सञ्चालन

(ज) शारीरिक अभ्यास, योगा तथा कवाज।

**स्पष्टिकरण:** खण्ड (क) को प्रयोजनको लागि "आवासीय व्यवस्थापन" भन्नाले खाना, लत्ता कपडा, औषधौपचार, पानी, विद्युत, सरसफाई, सजावट आदी खर्च सम्झनु पर्छ।

खण्ड (ग) को प्रयोजनको लागि "शिक्षक व्यवस्थापन" भन्नाले सामुदायिक विद्यालयमा शिक्षक नभई बालवालिकाहरूको पठनपाठनमा प्रत्यक्ष प्रभाव पर्ने परिस्थितीमा निजी श्रोतमा नियुक्त शिक्षकलाई एकमुष्ट अनुदानबाट एकमुष्ट वा त्रैमासिक भुक्तानी दिन सकिने सम्झनु पर्छ।

## परिछेद -७
## विविध

२६. **थपघट गर्ने अधिकार**: यस कार्यविधिमा समयानुसार थपघट गर्ने अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकालाई रहनेछ ।

२७. **बाधा अटकाउ फुकाउ**: यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै दुविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको निर्णयानुसार कार्पालिकाको स्विकृत बमोजिम हुनेछ ।

२८. **विनियमावली बनाई खर्च गर्न सक्ने**: दफा २५ को एकमुष्ट अनुदान खर्च गर्ने प्रयोजनको लागि सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन गर्न अति आवश्यक देखिएको क्षेत्रमा अन्य थप शिर्षकमा खर्च गर्नु पर्ने भएमा विद्यालयले विनियमावली तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी खर्च गर्न सक्नेछ ।

२९. **अन्य विषय**: यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन,नियम बमोजिम हुनेछन ।

३०. **बचाउ र खारेजी**:

(क) **बचाउ**: "शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०७९" बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(ख) **खारेजी**:"शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०७९" खारेज गरिएको छ ।